**कर्मचारी सञ्चय कोषको लागि आवश्यक Server, Storage, SAN Switch, Oracle Standard Edition, Microsoft exchange 2016 खरिद आपूर्ति तथा जडान गर्ने कार्यको बोलपत्र आव्हानको सूचना**

(प्रथम पटक सूचना प्रकाशित भएको मिति : २०७४।०८।१०)

**ठेक्का नं. ०१**

१. कर्मचारी सञ्चय कोष, पुल्चोक, ललितपुरद्वारा योग्य रजिस्टर्ड फर्म कम्पनीहरूबाट, राष्ट्रिय स्तरको खुल्ला बोलपत्र प्रक्रिया अन्तर्गत, **"Server, Storage,SAN Switch, Oracle Standard Edition, Microsoft exchange 2016"** खरिद आपूर्ति तथा जडान गर्न यो बोलपत्र आव्हन गरिएको छ ।

२. बोलपत्रदाताले तल उल्लेख गरिए अनुसार एक वा एकभन्दा बढी प्याकेजको लागि बोलपत्र पेश गर्न सक्दछ । मूल्याङ्कन गर्दा प्रत्येक प्याकेजको लागि छुट्टाछुट्टै मूल्याङ्कन गरिनेछ र ठेक्का प्रदान गर्दा खरिदकर्तालाई न्यून मूल्य हुने हिसाबले प्योकजहरुको छुट्टा छुट्टै छनौट गरिनेछ । बोलपत्रको साथ देहायको प्याकेजको लागि देहायबमोजिमको बोलपत्र जमानत पेश गर्नु पर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य हुने अवधि बोलपत्रको मान्य हुने अवधिभन्दा कम्तिमा पनि ३० दिन बढी अर्थात् मिति २०७४।१२।११ सम्म हुनु पर्नेछ ।

| प्याकेज नंबर | सामानको विवरण | बोलपत्र जमानत रकम रु. |
|---|---|---|
| १ | Server | ५५,०००।०० |
| २ | Storage, SAN Switch | १,६१,०००।०० |
| ३ | Oracle Standard Edition license for 2 socket | १,००,०००।०० |
| ४ | Microsoft exchange 2016 | ३५,०००।०० |

३. योग्य फर्म कम्पनीहरूले यस सम्बन्धी थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न चाहेमा, कोषमा सम्पर्क गरि हेर्न सकिने छ ।

४. योग्य फर्म कम्पनीले बोलपत्र सम्बन्धी कागजातहरु मानव संशाधन तथा आन्तरिक व्यवस्थापन विभाग,कर्मचारी सञ्चय कोष,पुल्चोक, ललितपुर र सूचना तथा सञ्चार प्रविधि विभाग, कर्मचारी सञ्चय कोष, ठमेल, काठमाण्डौंबाट लिखित निवेदन पेश गरी मिति २०७४।०९।१० गतेसम्म कार्यालय समयभित्र प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा नवीकरण गरिएको कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, व्यवसाय दर्ताको इजाजतपत्र, मुल्य अभिबृद्धि कर दर्ता (VAT) प्रमाणपत्र तथा स्थाइ लेखा दर्ता (PAN) प्रमाणपत्र, आ.ब.२०७३/७४ को कर चुक्ता प्रमाणपत्र वा कर विवरण पेश गर्ने म्याद थप भएको पत्र र बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु. ३०००।- (फिर्ता नहुने) नेपाल ईन्भेष्टमेण्ट बैंक लि., पुल्चोक शाखामा रहेको कोषको खाता नं. खाता नं. ००४०१०१०२५४३७३ मा नगद जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्नेछ ।

५. पूर्व-बोलपत्र बैठक मानव संशाधन तथा आन्तरिक व्यवस्थापन विभाग,कर्मचारी सञ्चय कोष,पुल्चोक, ललितपुरमा मिति २०७४।०८।२९ अपरान्ह १२:०० बजे हुनेछ ।

६. शिलबन्दी गरिएको बोलपत्र मानव संशाधन तथा आन्तरिक व्यवस्थापन विभाग, कर्मचारी सञ्चय कोष, पुल्चोक, ललितपुरमा २०७४।०९।११ मध्यान्ह १२:१५ बजेभित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त बोलपत्र स्वीकार गरिनेछैन ।

७. तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा मानव संशाधन तथा आन्तरिक व्यवस्थापन विभाग,कर्मचारी सञ्चय कोष,पुल्चोक,ललितपुरमा २०७४।०९।११ अपरान्ह १:३० बजे खोलिनेछ । बोलपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ९० दिनसम्मको लागि बोलपत्र मान्य हुनेछ ।

८. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिको मिति र समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अबस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ ।

९. कुनै वा सबै बोलपत्र, पूरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार कोषमा निहित रहने छ ।

१०. अन्य शर्त एवं विषयहरु बोलपत्र कागजातमा उल्लेख भए अनुसार वा सार्वजनिक खरिद ऐन, २०६३ तथा कर्मचारी सञ्चय कोष (खरिद) नियमावली, २०६८ अनुरुप हुनेछ ।

**कर्मचारी सञ्चय कोष,**
**खरिद शाखा,पुल्चोक, ललितपुर**
फोन नं.: ०१-५०१०१६७, ५०१००८३